नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं ।

पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी
(साप्ताहिक)
पोखरा-२, अर्चलबोटचोक, नेपाल ।
मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ५० २०६९ चैत्र १५ गते, बिहीबार 28,Mar. 2013 मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।

संस्थापक/प्रधान सम्पादक
ज्यो.डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं.९८५६०३०९१४

## विवादकाबीच पत्रकार महासंघको साधारणसभा सम्पन्न

# साधारणसभाबाट पाँचदेखि सातलाख बचत हुनसक्ने

ज्योतिष भविष्यवाणी

**पोखरा** : सधैंजसो अर्काको विवाद र भ्रष्टाचारको समाचार लेखेर हिंड्ने पत्रकारहरू शनिबार पोखरामा आफ्नै संस्थाको उछित्तो काड्न पछि परेनन् । उद्घाटन शत्रमा अत्यन्त मित्रवत्रुपमा देखिएका पत्रकारहरू बन्दशत्र शुरु भएर प्रतिवेदन पेश हुनासाथ महासंघका केन्द्रीय पदाधिकारीको विरुद्धमा चर्को आलोचनामा उत्रिए । पदाधिकारीको आलोचनामा उत्रिएका केन्द्रीय पार्षदहरूले प्रतिवाद गर्न खोज्दा बन्दशत्रमै झडपकोस्थिति समेत उत्पन्न भएको थियो ।

बन्दसत्रहलमा नै झडपको स्थिति आएपछि पटक-पटक बन्दशत्र स्थगित गरिएको थियो । बन्द सत्रमा महासचिव ओम शर्माको प्रगति प्रतिवेदन र कोषाध्यक्ष शितल शाहको आर्थिक प्रतिवेदनमाथि चर्को आलोचना गरेका थिए । श्रमजीवि पत्रकारको श्रममा मनोमानी गरेको, पत्रकारको हत्या तथा कुटपिट हुँदा समेत महासंघ टुलुटुलु हेरेर बसेको, पत्रकार डेकेन्द्र थापाका हत्यारालाई उम्काउने प्रयास गरिएको, लोभ र लालचामा फँसी जालसाँझी गर्दै हिंडेको भन्दै केन्द्रीय पार्षदहरूले पदाधिकारीको आलोचना गरेका थिए । त्यस्तै महासचिव शर्मा र कोषाध्यक्ष शाहले महासंघको कोषबाट १५ लाख रकम निकाली मनोमानी ढङ्गले चलाएको भन्दै महासंघकै सचिव जगत नेपाल लगायत अन्य पदाधिकारी विरोधमा उत्रिएपछि उनीहरूलाई थामथुम पारी महासचिव र कोषाध्यक्षको प्रतिवेदन पारित गर्न लगाइएको बुझिएको छ ।

केन्द्रीय पार्षदहरूले महासंघका महासचिव ओम शर्मा र कोषाध्यक्ष शितल शाह मिलेर कोषको ढिकुटीबाट मनोमानी गरेको भन्दै महासचिव शर्मा र कोषाध्यक्ष शाहको कटु आलोचना समेत गरे । कतिपय पार्षदले महासंघको अघिल्लो कार्य समितिमा रहेका पदाधिकारी एवम् सदस्यहरूको नामै लिएर अपमान गर्ने प्रयास गरेको भन्दै पार्षदहरूले एक आपसमा आरोप-प्रत्यारोप

बाँकी ५ पृष्ठमा...



**जे देखियो** : नेपाल पत्रकार महासंघको बन्दसत्रमा देखिएको पत्रकारहरूको दृश्य । तस्वीर : ज्योतिष भविष्यवाणी

## पत्रकार पहिलो अङ्ग : शर्मा

*कामु प्रधानन्यायाधीश दामोदरप्रसाद शर्माले पत्रकारलाई राज्यको चौथो अङ्ग मान्दै आएको भएपनि आफूले पहिलो अङ्गको रुपमा मानेको बताउनुभएको छ । नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभाको पोखरामा उद्घाटन गर्दै शर्माले पत्रकारहरू श्रमजीवि र कलमजीवि भन्दा पनि बुद्धिजीवि वर्गको रुपमा आफूले मान्ने गरेको समेत स्पष्ट पार्नुभयो ।*

*कार्यक्रममा बोल्ने वक्ताहरूले अदालतले पत्रकार र पत्रकारितासंग सम्बन्धित मुद्दामा चाँसो नदिएको गुनासो गरेकोप्रति लक्षित गर्दै उहाँले भन्नुभयो, 'विचाराधिन रहेका मुद्दामा म बोल्न मिल्दैन तर अदालतबाट जति सक्दो चाँडो सम्बोधन गर्नेतर्फ मैले प्रयास गर्ने छु ।' उहाँले न्यायाधीशहरू न्याय सम्पादन प्रक्रियामा व्यक्तिगत रुपमा स्वतन्त्र हुन्छन् तर प्रजातन्त्र, मौलिक हक र स्वतन्त्रताको पक्षमा निर्णय गर्ने भएकाले न्यायपालिका प्रमुखलाई कार्यपालिका प्रमुख बनाउन हुने वा नहुने भन्ने विषयमा भने आफूभन्दा पनि पत्रकारहरूले नै जान्ने कुरा भएको बताउनुभयो । प्रेस स्वतन्त्रता र व्यवसायिक*

बाँकी ५ पृष्ठमा...

## बाग्लुङ कालिकामा अपाङ्गमैत्री बाटो बन्दै

ज्योतिष भविष्यवाणी



**बाग्लुङ** : बाग्लुङको प्रसिद्ध 'बाग्लुङ कालिका मन्दिर' जाने सडकलाई पक्की बनाउने काम अन्तिम चरणमा पुगेको छ । प्रवेशद्वारदेखि मन्दिर परिसरसम्मको ६१० मिटर सडकको स्तरोन्नति थालिएको हो । अहिले कच्ची सडकमा ग्राबेल र ढलान गर्ने काम पूरा भइसकेको कालिका भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ । सडकलाई अपाङ्गमैत्री बनाइएको गुठी व्यवस्थापन समितिका अध्यक्ष राजु खड्काले बताउनुभयो । अपाङ्ग तथा वृद्धवृद्धाका लागि मन्दिर प्रवेशद्वारबाटै भित्र जाने ह्वील चेयरको समेत व्यवस्था गरिने खड्काले जानकारी दिनुभयो । धार्मिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण उक्त मन्दिरको पञ्चपर्षीय विकास योजना अन्तर्गत सडक निर्माणको काम अघि बढाइएको अध्यक्ष खड्काले बताउनुभयो । उक्त सडकखण्डमा स्लेट ढुङ्गा बिछ्याउने गुठीको योजना छ । 'ढलानमाथि स्लेटढुङ्गा बिछ्याएर बलियो र आकर्षक सडक निर्माण गर्दैछौँ' अध्यक्ष खड्काले भन्नुभयो,'यो सडक कम्तीमा पनि ५० वर्षसम्म टिकाउ हुनेछ ।' करिब रु.९४ लाखको बजेटमा निर्माण हुन लागेको उक्त सडकखण्डमा आगामी महिनादेखि ढुङ्गा बिछ्याउने काम अघि बढ्ने गुठीले जनाएको छ । 'ढलानसम्मको काम सक्दा रु.३४ लाख खर्च भइसकेको छ' खड्काले भन्नुभयो ।

आपतकालीन घटना हुँदा पनि उद्धार कार्यमा सजिलो होस् भनेर पक्की सडक निर्माण गर्नुपरेको खड्काले उल्लेख गर्नुभयो । मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने पहल शुरु गरेको गुठीले मन्दिरको विकासका लागि योजना बनाएर अघि बढेको छ । चैतेदसैँ र विजयादशमीमा पश्चिमाञ्चलमै ठूलो मेला लाग्ने कालिका मन्दिरको दर्शनका लागि भक्तजनलाई सहज सुविधा पुगोस् भनेर पनि सडक निर्माणको कामलाई प्राथमिकता दिइएको गुठीको भनाइ छ । गुठीले रु.२० लाख आन्तरिक र बाँकी बाहिरी स्रोत जुटाएर उक्त सडक निर्माणको योजना सम्पन्न गर्ने जनाएको छ । 'ठूलो लागत लाग्ने भएकाले बाहिरबाट समेत सहयोगको अपेक्षा गरेका छौं' अध्यक्ष खड्काले भन्नुभयो । मन्दिर क्षेत्रमा भौतिक, सामाजिक र धार्मिक विकास गरेपछि आन्तरिक तथा बाहिरी पर्यटन प्रवर्द्धन हुने गुठीले विश्वास लिएको छ । पञ्चवर्षीय विकास योजनामार्फत काम थालेको गुठीले यसअघि पनि मन्दिर व्यवस्थापनका कामहरू सम्पन्न गरेको छ ।

## पण्डित सम्मेलन हुने

ज्योतिष भविष्यवाणी

**पोखरा** : हिन्दू धर्म संस्कारअनुसार हरेक कर्म गर्नका लागि पण्डित अनिवार्य रहेको छ । पछिल्लोक्रममा पण्डितको संख्यामा कमि आउन थालेपछि हिन्दूधर्मावलम्वीहरू चिन्तित् बन्न थालेका छन् । पण्डित जन्मदाँदेखि मृत्यु हुँदासम्म काम लाग्ने व्यक्ति हो । पछिल्लोक्रममा नेपालको एउटा गा.वि.स. भरमा एक जना पण्डितले पुरेत्याइँ गर्नुपरेको कैयौं उदाहरण छन् यसैको फाइदा उठाउँदै नक्कली पण्डितहरूको बिगबिगी बढिरहेको छ । यसैलाई मध्येनजर गर्दै यहि चैत्र २३ र २४ गते राजधानी काठमाण्डौमा पण्डित सम्मेलनको आयोजना गरिएको छ । उक्त सम्मेलनबाट सक्कली र नक्कली पण्डितको छिनोफानो गर्ने नियम बनाइने भएको छ । यो संगै हिन्दू धर्मशास्त्र र संस्कार विपरीत कर्मकाण्ड गराउने पण्डित धार्मिक कार्वाहीको भागिदार बन्ने भएका छन् । धर्मशास्त्रको अपव्याख्या गरी व्यक्तिगत फाइदा लिने प्रवृत्ति बढेपछि त्यसलाई रोक्न आचारसंहिता तैयार भई संस्कारविरुद्ध जाने पण्डितलाई तह लगाउने व्यवस्था गरिएको राष्ट्रिय धर्मसभा नेपालका केन्द्रीय अध्यक्ष प्रा.डा. माधव भट्टराईले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो ।

'राष्ट्रिय धर्मसभा नेपालले कर्मकाण्ड आचारसंहिता लागू गर्न देशव्यापी बहस चलाउन शुरु गरेको छ' अध्यक्ष भट्टराईले भन्नुभयो,'यसका लागि देशभर बहस चलाउन थालेका छौं । आचारसंहितामा पण्डिले के

बाँकी ४ पृष्ठमा...

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरू
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink .com

# सम्पादकीय

## ज्योतिष नगरी पाङको प्रभाव अधिराज्यव्यापी

'शास्त्रमा जित्छु भनेर पाङमा नजानु' यो धार्मिक उखान धवलागिरि अञ्चलमामात्र होइन नेपाल अधिराज्य व्यापीरुपमा सुन्नमा आउने गरेको छ । त्यै पाङका डा.बलराम उपाध्याय रेग्मीले वि.सं.२०६६ तिर राष्ट्रिय पण्डित समाज कास्की गठन गरेका थिए । पोखरा, बिन्दुवासिनी संस्कृत विद्यापीठमा अध्ययनरत, कर्मकाण्ड गराउँदै हिंड्ने उत्तरमध्यमा, शास्त्रीका छात्र तथा पोखरा क्षेत्रमा क्रियाशील पण्डितहरूलाई भेला गराई एउटा राष्ट्रिय पण्डित समाज कास्की गठन गरिएको थियो । डा.बलराम उपाध्याय रेग्मीको संयोजकत्वमा गठित उक्त समितिले प्रत्येक धार्मिक कार्यका लागि शुल्क निर्धारण गर्ने, पण्डितको वेसभूषा कुर्ता, सुरुवाल अथवा कोट, टोपी, दौरा, सुरुवाल हुने तय गरेको थियो । प्रत्येक पण्डितले सो समितिमा दर्ता हुन वार्षिक सदस्यता रकम दुईसय तिर्नु पर्ने तय गरेको थियो । पोखरा–२, बाग्लुङ बसपार्कस्थित सांग्रिला विकास बैंकमा राष्ट्रिय पण्डित समाजको खाता समेत खोलेर संचालनमा ल्याइएको थियो । २५ सदस्यीय राष्ट्रिय पण्डित समाजको प्रथम बैठक बसी पण्डितहरूको स्तर निर्धारण गर्ने, तालिम संचालन गर्ने, पण्डित परिचयपत्र जारी गर्ने, पण्डित परिचयपत्र बोकेरमात्र कर्मकाण्ड गराउन पाइने व्यवस्थाको अवधारणा पण्डित समाजले अगाडि सारेको थियो ।

ज्योतिष भविष्यवाणीद्वारा पटक–पटक आयोजना गरिने 'ज्योतिष वैज्ञानिक उपचार'मा दर्जनौं पण्डितको आवश्यकता पर्ने भएपछि सोको अवधारणा ल्याइएको थियो । मासिक स्थायी नियुक्ति लिएर आजीवन ज्योतिष भविष्यवाणीमा बिहान ६ बजेदेखि नौ बजेसम्म ग्रहजप गर्ने पण्डितलाई मासिक तलब तीनहजार, पार्टटाइम पण्डितलाई दैनिक तीन घण्टाको रु.दुईसय र कहिले काहींमात्र आउने पण्डितलाई रु.पाँचसयका दरले दक्षिणा (पारिश्रमिक) र ग्रहको दान सामाग्री जतिजना पण्डित छन् त्यतिका दरले आपसमा बाँडफाड गरी लग्न पाइने व्यवस्था गरिएको थियो । यो व्यवस्था ज्योतिष भविष्यवाणीले वि.सं.२०६० देखि लागू गर्दै आएको छ । ज्योतिष भविष्यवाणी कार्यालयको पछिल्लो व्यवस्था अनुसार बिहान ६ देखि ९ बजेसम्म कुनैपनि ग्रहजप अथवा पाठ पूजाको पारिश्रमिक प्रति घण्टा एकसय रुपियाँको दरले दैनिक तीनसय दिंदै आएको छ ।

प्रतिघण्टा रु.एकसयका दरले तीन घण्टाको तीनसय, मासिक नौ हजार र दान सामाग्री समेत लान पाउँदा पण्डितको अवस्था दयनीय हुँदैन । उनीहरूले पनि चाहेमा आफ्ना छोराछोरीलाई अंग्रेजी बोर्डिङमा पढाउन सक्नेछन् भन्ने थियो । पण्डितहरूले दान सामाग्री खाएर नसकेर बेच्ने या माग्न आउनेलाई दिने गरेको पोखरामा जो कसैलाई जानकारी होला । पण्डित समाजको वार्षिक सदस्यले बिहान ६ देखि ९ बजेबीच 'ज्योतिष भविष्यवाणी' कार्यालयको जप पाठको समयमा अन्यत्र सोही काम गर्ने गरेर दोहोरो दक्षिणा लिन नपाइने गरिएको थियो । तर पण्डित समाजकै केही व्यक्ति एकैसाथ दुई ठाउँमा हाजिर लगाउने र एकै समयको दोहोरो दक्षिणा लिन लागेपछि उनको सेवा लिन छोडिएको थियो । पण्डित समाजका पण्डित धोती, कुर्ता झोलामा लिएर आउँथे, कार्यालयमा आएर पाइन्ट, सर्ट बदली धार्मिक ड्रेसमा ग्रहजप गरी जाने गर्दथे । पानी झर्दाका दिन पण्डितलाई 'ज्योतिष भविष्यवाणी' कार्यालयले थप भाडा नलाग्ने गरी पण्डितलाई ट्याक्सीमा झिकाउने पुऱ्याउने गर्दथ्यो । बिहान ६ बजेदेखि ९ बजेबीच ज्योतिष भविष्यवाणीमा ज्योतिष उपचार कर्म गराई पोखराको संस्कृत विद्यापीठ तथा पी.एन. क्याम्पसमा समेत दुई ठाउँमा विद्यार्थी पण्डित अध्ययन गर्न सक्षम हुँदै आएका थिए । सो व्यवस्था चलिरहेकै समयमा जैसी बाहुन पनि ग्रह जपमा आएको जानकारी भयो । बाहुनको जप बाहेक जैसी, क्षेत्री, नेवार, गुरुङ, मगर अन्य जातको जपमा जैसी बाहुनलाई अयोग्य मान्नु मनाशिव लागेन । विन्दुवासिनी संस्कृत विद्यापीठका छात्र पण्डितको स्नान, पूजापाठ सबैको बराबर छ भने जैसी भनेर भेद्भाव गरिएन, जैसी समेत र बाहुन बाहेकका व्यक्तिको ग्रहजपमा । यसैबीच कुनै पण्डित सराङ्कोट गाउँमा गई एकजना विश्वकर्माको घर गएर ग्रहजप गराई एकहजार दक्षिणा लिएर आएको जानकारी आयो । धेरै दक्षिणा पाए खुसुक्क पण्डितहरू जो कसैकहाँ जाने गर्दछन् भन्ने कुरामा अब हामीलाई शंका छैन । त्यसो गर्न हुने हो कि होइन पण्डितहरू आँफै जानुन् । ज्योतिष भविष्यवाणी कार्यालयको व्यवस्था अनुसार ग्रहजप गराउने कर्ता र पण्डित दुवैथरी एकै ठाउँमा उपस्थित हुन्छन् । कसैलाई पनि छुने/छुवाउने नगरीकन ग्रहजप, शान्ति कर्म गर्ने गराउने गर्छन्, समापन पछि आ–आफ्नो घरमा जाने गर्दछन् । यो व्यवस्था विरुद्ध आजको मितिसम्म बाहुन, जैसी, क्षेत्री, गुरुङ, विश्वकर्मा कुनै लागेनन् । विगत ११ वर्षको अवधिमा एकैदिन पनि ज्योतिष भविष्यवाणी कार्यालयमा जातीय झगडा, दंगा भएन । दशौंवर्ष राष्ट्रिय पण्डित समाजमा आवद्ध पण्डितसंग कर्म गर्ने/गराउँदै जाँदा पण्डितले पण्डित समाजको त्यति महत्व बुझेनन् । स्वतन्त्र पण्डित हुँदा ज्यादा फाइदा हुदो रहेछ कि, हामीलाई त्यस्तो अनुमान लाग्यो । कसैले बीस रुपैयाँमा श्राद्ध गर्ने/गराउने गर्दा पनि पण्डितले मुख खोलेका छैनन् । कसैले एकहजार रुपैयाँ दिएर कर्म गराउँदा पनि खुबै दिएँ/लिएँजस्तो मानेका छन् ।

एकातर्फ पण्डितहरूले अध्ययन, तालिम लिने/दिने र स्तर निर्धारण गर्न सकेका छैनन्, अर्कोतर्फ समाजले पण्डितहरूलाई व्यापक शोषण गरिरहेको अवस्था छ । एउटा ट्याक्सी चालकले डबल भाडा ठोकेर लिन हुने उही ट्याक्सी व्यवसायी संघको घुर्की लगाउँदै हिंड्ने, समाजमा सबैभन्दा तल्लो तहको मानिएको कपाल कटिङ गर्ने नाइको पनि 'संघ' छ भने हाम्रो मान्यतालाई पण्डितहरूले बुझेर सक्रिय रुपमा लागि पर्न नसकेको अवस्थामा हालै राष्ट्रिय धर्मसभा नेपालले पुनः राष्ट्रिय पण्डित समिति गठन गरी पण्डित आचारसंहिता जारी गरी सशक्त सामाजिक सेवा गर्ने अवधारणा ल्याएको छ । प्रोफेशर डा.माधव भट्टराईको नेतृत्वमा यही चैत्र २३ र २४ गते राष्ट्रिय पण्डित समाजको बृहत् राष्ट्रव्यापी बैठकले ठोस कदम चाल्ने कुरामा सक्रिय सहयोगी हुनु हाम्रो दायित्व हो । त्यसका लागि हामी प्रतिवद्ध छौं ।

सनातन हिन्दू धर्मशास्त्रमा गरिएको धार्मिक व्यवस्था विरुद्ध मानिस मरेपछि तीन दिन, पाँचदिन या १३ दिनमध्ये जति दिन किरिया कर्म गरेपनि हुन्छ भन्ने झापाली लेखक कृष्ण धरावासीको अभिव्यक्ति 'पाण्डुलिपि' पुस्तकमा आएपछि झस्केको नेपाली पण्डित समाज अब धार्मिक विज्ञानको सकारात्मक पक्षलाई सशक्त रुपमा लिई अगाडि आउनुपर्ने टड्कारो रहेको छ । खगेन्द्र संग्रौला, कृष्ण धरावासी आज जुन धार्मिकपक्षको विरुद्ध तर्क उठाई रहेका छन् कुनैबेला डा.तारानाथ शर्माले पनि उठाउनु भएको थियो । आज शर्मालाई धर्मले जितेको छ, उहाँले प्रत्येक बिहान ३ घण्टा धार्मिक कार्यक्रमलाई दिन लाग्नु भएको छ । जब राज्यको संविधान त पटक–पटक संशोधन गर्नुपर्दछ, कतै थप्नुपर्दछ भने नेपाली धार्मिक संविधान पनि आवश्यकता, क्षमता, परिवेश अनुसार संशोधित हुँदै जानु बाञ्छनीय हुन्छ । हिन्दू परम्परागत विवाह कर्मको कामको विधिलाईमात्र गर्ने हो भने एक डेढ घण्टामा विवाह कर्म सम्पन्न गराउन सकिन्छ । पहिले विवाह रातमामात्र हुन्थे भने अहिले नब्बेप्रतिशत विवाह दिनमामात्र हुने गरेका छन् । वृहस्पति, शुक्र उदय भएको बेला वैशाखदेखि आषाढसम्म, मंसिर, माघ, फाल्गुन महिनामामात्र गर्न हुने विवाहको परम्परा अहिले श्रावण, भाद्र, आश्विन, दशैंको दिन, कार्तिक, चैत्रमा समेत बाजै बजाएर चलाएको प्रत्यक्ष आँखाले देखिएको छ । भागी, प्रेम विवाहवालाले जे–जे गरेपनि माँगी विवाह वालाले जुनसुकै महिनामा विवाह गर्नु वास्तवमा धर्मशास्त्र तथा हिन्दू संस्कार धर्मप्रतिको ठाडो चुनौति हो । त्यसकारण नेपाल अधिराज्यव्यापी पण्डितको भेला बोलाई एउटा 'नेपाली हिन्दू धर्मको विधान' तैयार गरी लागू गर्नसके सबैजात जातिलाई प्रेरणाको रुपमा हुन सक्दछ । सम्पूर्ण धर्मशास्त्रको सार, निर्णयलाई नेपाली भाषामा दफा, उपदफा गरी व्यवस्थित रुपमा धार्मिक कानून लागू गर्न सकेमा समस्त धर्मावलम्वीको कल्याण हुन सक्दछ । राष्ट्रिय धर्मसभा नेपालको नेतृत्वमा हुन गइरहेको राष्ट्रिय पण्डित सम्मेलनको पूर्ण सफलताको कामना गर्दछौं ।

# प्रेस युनियनलाई रकम आउनेक्रम जारी

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको पत्रकारिता पुरस्कार एवम् कल्याणकोषमा मंगलबारमात्रै एक लाख रुपैयाँ भन्दा बढी जम्मा भएको छ ।

नेपाली कांग्रेसका सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलको उपस्थितिमा पार्टीका विभिन्न जिम्मेवारीमा रहेका तीनजना व्यक्तिले आर्थिक सहयोग गर्नुभएको हो ।

युनियनको कोषका लागि सहयोग गर्नेहरूमा कास्कीको माछापुच्छ्रे गा.वि.स.का नेपाली कांग्रेसका सभापति भीमबहादुर गुरुङ, नेपाली कांग्रेस जिल्ला कार्यसमिति सदस्य एवं सामुदायिक जागरणका निम्ति हाम्रो अभियान संस्थाकी अध्यक्ष शकुन्तला कोइराला र नेपाली कांग्रेसका महासमिति सदस्य कृष्णबहादुर कार्की रहनुभएको छ ।

रकम हस्तान्तरण समारोहमा गुरुङले ५१ हजार एक सय ५१ रुपैयाँ, कोईरालाले २५ हजार पाँच सय ५५ र कार्कीले २५ हजार पाँच सय ५५ रुपैयाँ नेता त्रयमार्फत नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बराललाई हस्तान्तरण गर्नुभएको थियो । अक्षयकोषका लागि हालसम्म करिब ६ लाख रुपैयाँ जम्मा भइसकेको छ भने कोषमा १० लाख पुऱ्याउने लक्ष्य नेपाल प्रेस युनियन कास्कीले राखेको छ । यसैबीच नेपाली काँग्रेसका तीन शीर्ष नेताहरूले अब हुने चुनावका लागि तैयार रहन कार्यकर्तालाई निर्देशन दिनुभएको छ ।

नेपाल प्रेस युनियन कास्कीले मंगलबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा काँग्रेस सभापति सुशिल कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेलले निर्वाचन असार या मंसिर जहिले भएपनि चुनावका लागि तैयार रहन कार्यकर्तालाई निर्देशन दिनुभएको हो । निर्वाचन असार र मंसिर कहिले हुन्छ भन्ने अन्यौल कायम रहेको बेला तीनै जना नेताले निर्वाचन आयोगले सबै प्राविधिक तयारी गरेपछि मिति घोषणा गर्ने र त्यो मितिमा नै चुनाव हुने दावी गर्नुभयो । प्रजातन्त्रका मूल्य र मान्यतासंग

बाँकी ५ पृष्ठमा...


# निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## फोटोसहितको मतदाता नामावली संकलन एवं अद्यावधिक सम्बन्धी निर्वाचन आयोगको अत्यन्त जरुरी सूचना

आगामी निर्वाचनलाई समेत दृष्टिगत गर्दै निर्वाचन आयोगद्वारा फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गर्न विभिन्न चरणमा प्रत्येक गाउँ विकास समितिका कार्यालय तथा नगरपालिकाका वडाहरूमा टोलीहरू खटिएका छन् । सोह्र वर्ष उमेर भएका र नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकहरूको फोटो र औंठाछाप सहितको विवरण संकलन भईरहेको छ । कुनै कारणवश नामावलीमा नाम दर्ता गर्न छुटेको भए नागरिकताको प्रमाणपत्र दिई टोली आएको स्थानमा आँफै उपस्थित भई नाम दर्ता गराउन र दर्ता गरिएको विवरण त्रुटि भएमा सच्याउन निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ ।

***स्मरण रहोस्*** *: यही मतदाता नामावलीको आधारमामात्र आगामी निर्वाचनमा भोट हाल्न पाइन्छ ।*


## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी... २०६९/१२/८ गतेदेखि १४ गतेसम्म/

| क्र.सं. | सदस्यहरूको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| १ | श्याम वि.क. | निर्मलपोखरी–२, कास्की | |
| २ | सागर रोका | खिलुङदेउराली–१, स्याङ्जा | ९८४६२७७०४१ |
| ३ | गिरिमानसिंह थापा | राङ्भाङ–५, स्याङ्जा | ९८४६१४१४८० |
| ४ | गिरिराज रानाभाट | कालिका–४, कास्की | ९८५६०४१४३० |
| ५ | लोकनाथ अधिकारी | शंकरोखरी–१, पर्वत | ९८०६६९९४८० |
| ६ | सरस्वती बराल | भलाम–६, कास्की | ९८५६०३४४०३ |
| ७ | सीता शर्मा पौडेल | काठमाडौं | ९८४१७६५१७९ |
| ८ | मीनप्रसाद पुन | पोखरा–१, बगर | ९८१४११७८४५ |
| ९ | दीपना लामिछाने | लेनपा–७, कास्की | ९८४६५४०४०६ |
| १० | रामजी लामिछाने | लेनपा–७, कास्की | |
| ११ | अजय सापकोटा | पोखरा–१४, चाउथे | |
| १२ | दिनेश लामिछाने | लेनपा–७, कास्की | |
| १३ | दीपक लामिछाने | लेनपा–७, कास्की | |
| १४ | भीमलाल बि.क. | पोखरा–१७, कास्की | ९८४८०३८२७९ |
| १५ | शुभराज घिमिरे | लेनपा–७, कास्की | ९८४६२६२००९ |
| १६ | युवराज घिमिरे | लेनपा–७, कास्की | |
| १७ | मधुकर गुरुङ | पोखरा–१५, कास्की | ९८४६०६०७४० |
| १८ | अञ्जना गुरुङ | पोखरा–१५, कास्की | ९८४६०६०७४० |
| १९ | कुशङ गुरुङ | पोखरा–१५, कास्की | ९८४६०६०७४० |
| २० | झलक सापकोटा | पोखरा–१, बगर | ९८४७६२७३१२ |
| २१ | गिरिशबहादुर घर्ति | फापरथुम–६, स्याङ्जा | ९८०५८५६५७० |
| २२ | ऋषिकेश खनाल | मोभिनकोट–४, काभ्रे | ९८४६४४१६११ |
| २३ | सूर्यप्रसाद गुरुङ | लेनपा–७, कास्की | ९८४६१२०१६१ |
| २४ | दीपक कुँवर | लेनपा–१५, कास्की | ९८०४११७८१५ |
| २५ | ईन्दिरा गुरुङ | लेनपा–१, कास्की | ९८५१००१५८५ |
| २६ | अरुण गुरुङ | लेनपा–१, कास्की | ०६१–६५०८१० |
| २७ | आशिष गुरुङ | लेनपा–१, कास्की | ०६१–६५०८१० |
| २८ | रामकृष्ण पराजुली | चिप्लेढुङ्गा, पोखरा | ०६१–५२२१०५ |

# नाटक : ज्योतिषी जनवार्ता

**लेखक : ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

**गताङ्कबाट क्रमशः**

गोविन्दप्रसाद कंडेल : तपाईं त चिटिक्क हाफ बाउले कमीज, कालो कपाल कोरेको सफा चट्ट मास्टरजस्तो देखिनुहुन्छ कसो हो ? (बाग्लुङ बजार महेन्द्रपथमा)

नेपाली पण्डित : तपाईंको अन्दाज ठीक हो म भारतबाट बी.ए.अंग्रेजी, शास्त्री उत्तीर्ण छु। इण्डियामा उच्च मा.वि. प्रिन्सिपल भई एकवर्ष पढाएँ पनि। पछि आफ्नै नेपालमा सेवा गरौं भनि आएको आज यता बाग्लुङ बजार भ्रमणमा।

गोविन्दप्रसाद कंडेल : ओहो ! मास्टर साहेव ढुङ्गो खोज्दा देउता भेटियो। म अमर मा.वि. बिहुँका लागि एउटा अंग्रेजी शिक्षक खोज्न झोलामा खर्च हाली भारतको गोरखपुर जान लागेको। यता कतै अंग्रेजी शिक्षक नपाइने, अरु विषयका शिक्षकले अंग्रेजी पढाउँदा विद्यार्थीको अंग्रेजी कमजोर हुने, समग्र नेपालको समस्या हाम्रो स्कूलमा पनि छ। अस्ति हाम्रा विद्यार्थीले खुरुक्क अंग्रेजी शिक्षक खोजी ल्याउँछौ भने ल्याउ होइन भने कालो मोसो दल्छौं भने। म त अंग्रेजी शिक्षक टकारे बिना गाउँमा जान सक्ने अवस्थामा छैन।

लेखानीकी नानी : होइन गोविन्द बाबु मास्टर बाबुलाई दूधको स्पेशल चिया खुवाई कुरा गर्नुनी जब ढुङ्गा खोज्दा देवता भेटियो भने।

गोविन्दप्रसाद कंडेल : ल न त स्पेशल २ कप चिया बनाउ बा !

नेपाली पण्डित : म त्यत्तिकै बाग्लुङ बजार घुम्न आएको। गोविन्द सर ! पूर्व जानकारी बिना के गर्न सकिन्छ (चिया पिउँदै)

गोविन्दप्रसाद कंडेल : मास्टर बाबु ! बाग्लुङ बजारदेखि बिहुँको अमर मा.वि. करिब १०/१२ किलोमिटर होला। पैदल ५/६ घण्टामा पुगिन्छ, जाउँ आजै ? तपाईंले हाम्रो स्कूलमा अंग्रेजी पढाइदिनुपर्‍यो।

नेपाली पण्डित : जान त जाने तर तलब के हुने अन्य व्यवस्था के छ ?

गोविन्दप्रसाद कंडेल : मास्टर बाबु बस्नलाई सक्लो घर निःशुल्क, मासिक तलब ७५०।-नियुक्ति पत्र तत्काल पाउनुहुनेछ। (मास्टर बाबु-गोविन्द सर लमक-लमक बाग्लुङ बजारको महेन्द्रपथदेखि बिहुँको सुँडडाँडा हुँदै अमर मा.वि. पुग्छन्।)

गोविन्दप्रसाद कंडेल : हेड सर ! यी अंग्रेजीका मास्टरलाई कक्षा अवलोकन गराउनुहोस्। उहाँ पर्वत पाङको अंग्रेजी मास्टर हुनुहुन्छ।

नेपाली पण्डित : हेडसर नमस्कार ! (कुर्चीमा बस्दै)

हेडसर : सर ! अंग्रेजी कक्षा लिन क्लासतर्फ जाऔं (सबैजना प्रस्थान कक्षा १० मा)

नेपाली पण्डित : विद्यार्थी भाइ बहिनी हो ! आइ बिलोङ् टु पाङ खुर्कोट, डिस्ट्रिक्ट पर्वत। फस्ट अफ अल आइ इन्टरड्युस माइसेल्फ एण्ड वन वाई वन फरम यू। देन देयर विल बी नियरली हाफ एण्ड आवर अंग्रेजी पिरियड ओ.के. ? (शिक्षक-विद्यार्थी परिचय कार्यक्रम पछि पढाउँदै जान्छन्।

ज्ञानु के.सी. : (कक्षा १० की छात्रा) सरले अंग्रेजी त राम्रो पढाउँदा रैछन् तर अगाडिको सिटमा टेवलमा टाउको अडेस लगाए बेतको लौरोले हान्दा रैछन्, कस्तो डर लाग्ने !

नविन कंडेल : (कक्षा दशकै छात्र) अमर मा.वि.मा अंग्रेजी पढाउन आएका अंग्रेजी मास्टरले के को लाम्खुङ ठाकुरेकी श्रीमतीलाई चैत्र १४ गते मर्ने भविष्यवाणी गर्नु पर्‍याथ्यो ! भनेको पुगेन भने हाम्रा बिहुँकोटेले यी पंगाली मास्टरलाई कालोमोसो लगाएर धपाउनेछन्। हाम्रो अंग्रेजी फेरी चौपट्।

तारापति कंडेल : अंग्रेजीका मास्टर ज्योतिषी पनि छन् भने हामीलाई के आपत्ति ?

नेपाली पण्डित : विद्यार्थी भाइ बहिनी हो तपाईंहरूले र मैले चाहँदासम्म म यही स्कूलमा अंग्रेजी पढाउने छु। मैले ठाकुरेकी श्रीमती मर्ने भनि गरेको भविष्यवाणी पुग्छ-पुग्छ। कसैले बिहुँबाट कालोमोसो लगाई धपाउन सक्ने छैन। ढुक्क रहनुहोस्।

लाम्खुङकी एक महिला : होइन पंगाली मास्टर अंग्रेजी, नेपाली, विज्ञान, नैतिक, शिक्षा सबै राम्रो पढाउँछन्। यस्ता व्यक्तिलाई बिहुँमा लामो समय राख्न पाए !

चण्डीप्रसाद कंडेल : मास्टर बाबु मैले बिहुँ गा.वि.स.को प्रधानपञ्चको चुनाव जित्छु कि जित्दिन ? ग्यारेन्टी जवाव चाहियो।

नेपाली पण्डित : तपाईंका हाल चल्दा दशाको आधारमा चुनाव जित्नु सम्भव छैन। चुनावमा उठेर पैसा, समयको वर्वादी गर्नुभन्दा न उठ्नुहोस् !

चण्डीप्रसाद कंडेल : म प्रधानपञ्चको चुनाव कुनै हालतमा जित्छु र तिमी पंगाली मास्टरलाई या गुल्मीतिर सरुवा गराई दिन्छु अथवा बिहुँबाटै धपाइदिन्छु। पख ! मेरो चुनावको परिणाम न आउँदासम्म बिहुँको बास तिम्रो।

हरिप्रसाद कंडेल : चण्डीप्रसादले चुनाव ज्यादै कम भोट्ले हारे। अब हाम्रा पंगाली अंग्रेजी मास्टरले बिहुँ छोड्नुपर्ने भएन।

नेपाली पण्डित : ठाकुरेकी श्रीमती चैत्र १४ गते मर्छिन्-मर्छिन, ज्येष्ठ मशान्त २०४० भित्रैमा ठाकुरेको अर्को विवाह हुन्छ-हुन्छ, तपाईंहरू देख्नुहोला।

कक्षा १० का छात्र-छात्रा : ठाकुरेकी श्रीमती चैत्र १४ मा मरे पंगाली मास्टर बिहुँ बस्लान्, बाँचिन् भने यी अंग्रेजी मास्टरले बिहुँ छोड्नुपर्नेछ।

क्रमशः

# ज्योतिष पत्रकार संघ कास्की अध्यक्षलाई मातृशोक

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल ज्योतिष पत्रकार संघ कास्की शाखाका अध्यक्ष तथा त्रिवेणी पब्लिक उच्च मा.वि. लेखनाथ-२ का प्रबन्ध निर्देशक गोविन्द भण्डारीलाई मातृ शोक परेको छ।

उहाँकी ममतामयी माता रमा भण्डारीको ७४ वर्षको उमेरमा पक्षघातका कारण गत शुक्रबार बिहान ७ बजे कास्कीको लेखनाथ-४ मा निधन भएको थियो। वि.सं. १९९६ साल आषाढ १३ गते मंगलबार कालिका गा.वि.स.वडा नं.३ मा जन्मनुभएकी भण्डारीका ३ सुपुत्र परमानन्द भण्डारी, ऋषिराम भण्डारी र गोविन्द भण्डारी तथा एक सुपुत्री राधिका भण्डारी पंथी हुनुहुन्छ। स्वर्गीय भण्डारीका श्रीमान् रामनाथ भण्डारीको वि.सं.२०५५ सालमा नै स्वर्गारोहण भइसकेको छ।

यसैबीच नेपाल ज्योतिष पत्रकार संघ केन्द्रीय समितिले कास्की शाखाका अध्यक्ष गोविन्द भण्डारीकी माता रमा भण्डारीको दुःखद् निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ। संस्थापक सभापति डा.बलराम उपाध्याय रेग्मी, महासचिव रामनाथ अधिकारी 'संगी' तथा प्रवक्ता हरि पन्तले एक विज्ञप्ति जारी गर्दै भण्डारीको असामयिक निधनले ज्योतिष पत्रकार संघ नेपाल स्तव्ध भएको र स्वर्गीय आत्माको मोक्षको कामना गर्दै स्वर्गीय भण्डारीका समस्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गरेको छ।

त्यस्तै नेपाल ज्योतिष पत्रकार संघ कास्की शाखाले पनि एक विज्ञप्ति जारी गर्दै संघका अध्यक्ष गोविन्द भण्डारीकी ममतामयी माता रमा भण्डारीको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै गोविन्द भण्डारी तथा परिवारजनमा धैर्य धारण गर्न शक्ति प्राप्त होस् भन्दै समवेदना व्यक्त गरेको छ।

त्यस्तै नेपाल ज्योतिष पत्रकार संघ कञ्चनपुर तथा कैलाली शाखाले पनि कास्की शाखाका अध्यक्ष गोविन्द भण्डारीकी माता रमा भण्डारीको निधनप्रति दुःख व्यक्त गरेको छ।

कञ्चनपुर शाखाका अध्यक्ष ज्यो.देवीदत्त पन्त तथा कैलाली शाखाका अध्यक्ष यज्ञराज यात्रीले एक विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गर्नुभएको छ। त्यसैगरी ज्योतिष भविष्यवाणी (साप्ताहिक), वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति नेपाल, दक्षिण एशियाली ज्योतिष महासंघ लगायतले पनि भण्डारीको निधनप्रति दुःख व्यक्त गरेका छन्।

# ज्योतिष भविष्यवाणी नियमावली-२०६९

१. ज्योतिष भविष्यवाणी(साप्ताहिक) पत्रिकाको ज्योतिष परामर्श सेवा अन्तर्गत कानून बमोजिम यो कार्यालयले सेवा दिने हुँदा कानून सम्बन्धी कुनैपनि विवादका लागि क्षेत्रीय संचार केन्द्र, पोखरा, प्रेस काउन्सिल, काठमाडौं, सूचना विभाग, सञ्चार मन्त्रालय काठमाडौं, जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्नुहोला।

२. 'ज्योतिष भविष्यवाणी' कार्यालयको सेवा दिने/लिने समय प्रत्येक दिन बिहान १० बजेदेखि बेलुकी पाँच बजेसम्ममात्र हुनेछ।

३. 'ज्योतिष भविष्यवाणी' कार्यालय आइतबारदेखि शुक्रबारसम्म हप्तामा ६ दिन सेवा लिने/दिने गर्दछ।

४. 'ज्योतिष भविष्यवाणी' कार्यालयको बिदाको दिन शनिबार हो। प्रत्येक शनिबार कार्यालय पूर्णरुपमा बन्द हुनेछ। बिदाको दिन सेवा लिने/दिने कामका लागि बाध्य नपार्नुहोला।

५. 'ज्योतिष भविष्यवाणी' कार्यालयले कसैलाई पनि ठूलो सानो मान्दैन, सबैलाई पालैपालो सेवा दिन्छ। त्यसकारण 'ज्योतिष भविष्यवाणी' संग सेवा लिन चाहने व्यक्तिले अग्रिम टिकट बुकिङ्ग गरेको हुनुपर्नेछ।

६. 'ज्योतिष भविष्यवाणी' कार्यालयबाट टिकट काट्ने समय बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म रहनेछ।

७. टिकट बुकिङ्ग फोनमार्फत पनि गर्न सकिनेछ।

८. 'ज्योतिष भविष्यवाणी' कार्यालयबाट ज्योतिष परामर्श सेवा लिनका लागि वार्षिक एकमुष्ट रु.५००।- को टिकट काट्नु पर्नेछ। एकपटक टिकट काटिसकेपछि दैनिक एकपटक फोन गरेर आँफूलाई आवश्यक सेवा घरमा नै बसेर निःशुल्क सेवा लिन पाइनेछ।

९. ज्योतिष भविष्यवाणी परामर्श सेवा व्यक्तिगत/एक्ला-एक्लै हुनेछ, संयुक्त परिवार होइन। एउटा टिकटबाट एकैजनाको जन्मदेखि मृत्युसम्मको ज्योतिष परामर्श एकै पटकमा लिखित ग्यारेन्टी सहित पाइनेछ। हाम्रो मौखिक भविष्यवाणीलाई कानूनी ग्यारेन्टी रहने छैन।

१०. यस कार्यालयबाट लगेको 'ज्योतिष भविष्यवाणी परामर्श कार्ड' (वार्षिक) कुनै कारणवश हराएमा अर्को निःशुल्क पाइने छैन। पुनः रु.५००।- तिरेर लान पाइनेछ।

११. जसको बुकिङ्ग मिति जति पहिला छ त्यसको आधारमा पालैपालो सेवा दिइनेछ। कुनैपनि व्यक्ति टाढाबाट आएको, केटा-केटी लिएर आएको आधारमा पहिलो प्राथमिकता पाउन सकिने छैन। नगद बुझाई टिकट काटेको व्यक्तिलाईमात्र पालोमा लगाइनेछ।

१२. फोनबाट गरेको बुकिङ्गले स्वीकृति र मान्यता प्राप्त भएपनि कार्यालयमा आइपुगेपछि तत्काल नगद बुझाई टिकट लिएमामात्र दैनिक परामर्श सूचीमा सामेल गरिनेछ।

१३. 'ज्योतिष भविष्यवाणी' कार्यालयबाट रु.५००।-को टिकट काटी सेवा लिने जति सबै यसका वार्षिक सदस्य हुन्। त्यसकारण प्रत्येक बिहीबार प्रकाशित हुने 'ज्योतिष भविष्यवाणी' (साप्ताहिक) पत्रिकामा नाम, ठेगाना र सम्पर्क फोन नम्बर समेत प्रकाशित गरिनेछ।

१४. ज्योतिष भविष्यवाणी (साप्ताहिक) पत्रिकाकोमात्र वार्षिक सदस्य बन्नेको पनि प्रत्येक हप्ता यसैपत्रिकामा नाम, ठेगाना, फोन नं. प्रकाशित गरिनेछ।

१५. 'ज्योतिष भविष्यवाणी' कार्यालयबाट चाहे पत्रिकाको वार्षिक सदस्य होस्, चाहे वार्षिक ज्योतिष परामर्श दुवैमध्ये, एउटा अथवा दुवै सेवा लिनेको नाम, ठेगाना, फोन नम्बर समेतको 'ज्योतिष भविष्यवाणी वार्षिक टेलिफोन डाईरेक्ट्री प्रकाशन गरिनेछ, जो सेवाग्राहीलेमात्र लिन सक्नेछन्।

१६ प्रत्येक वर्ष 'ज्योतिष भविष्यवाणी'को वार्षिक सदस्यता नविकरण गरेका सदस्यकोमात्र ज्योतिष भविष्यवाणी (वार्षिक) टेलिफोन डाइरेक्ट्रीमा नाम, ठेगाना, फोन नं. समावेश गरिनेछ।

१७. कुनैपनि राजनीतिक पार्टीले गरेको बन्द आह्वानको दिन ज्योतिष भविष्यवाणी परामर्श सेवा दिइने छैन। त्यसकारण कुनैपनि पार्टीको आह्वानमा बन्द छ भने कृपया त्यसदिन सेवा लिन नआउनुहोला।

१८. कुनैपनि महिला महिनावारी भएकी छन्, महिनावारी भएको चौथो दिन शुद्ध कपडा वस्त्र लगाई आएमामात्र ज्योतिष परामर्श दिइनेछ। महिलाले महिनावारी भएको तीनदिनभित्र ज्योतिष परामर्श लिनु/दिनु धर्मशास्त्र विरुद्ध हुने भएकाले उक्त तीनदिन झुक्किएर पनि सेवा लिन/दिन करकाप नगर्नुहोला।

१९. कुनैपनि व्यक्तिको मृत्यु भै मलामा जानु भएको छ अथवा जूठो/सूतक बार्नुपर्ने व्यक्तिको मृत्यु भएको छ भने जतिदिन बार्नुपर्ने हो त्यतिदिन ज्योतिष परामर्श लिनु/दिनु दुबै अशुद्ध हुन्छ। जानकारी पाएर पनि त्यस्तो अवस्थामा ज्योतिष सम्बन्धी सेवा लिन/दिन हुँदैन।

२०. कुनैपनि सुत्केरी भएको महिलाले सुत्केरी भएको ११ दिनभित्र ज्योतिष परामर्श लिन/दिन हुँदैन। लिए/दिएमा हेराएको निष्फल हुन्छ।

२१ 'ज्योतिष भविष्यवाणी' कार्यालयका वार्षिक बिदामध्ये चैत्रअष्टमी, विजयादशमी, तीज, दीपावली मुख्य पर्वमा पर्दछन्। ती दिनमा ज्योतिष परामर्श दिने लिने काम हुँदैन।

२२. 'ज्योतिष भविष्यवाणी' कार्यालयबाट दिने सेवा सोही दिन पूरा नभएमा भोलिपल्ट प्राथमिकक्रममा हुनेछ।

२३. प्रत्येक ज्योतिष परामर्श लिने व्यक्तिलाई न्यूनतम १५ मिनट अधिकतम् ३० मिनटको समय दिइनेछ। लिखित ग्यारेन्टीपूर्वक श्रोता, सेवाग्राहीलाई सुनाउँदै दिएको सेवाको कार्ड लिएरमात्र पटक-पटक निःशुल्क सेवा पाइनेछ। सो कार्ड हराएमा पुनः अर्को रकम तिरेर ज्योतिष परामर्श कार्ड लिनु अनिवार्य आवश्यक छ।

२४. आँफू खुशी ५०/१०० रुपैयाँ राखेर पूरै परिवारको चिना हेराउन चाहने व्यक्तिलाई सेवा दिने ज्योतिषी प्रायः जहाँपनि भेटिने भएकाले त्यस्तो सेवा चाहने व्यक्ति आफ्नो आर्थिकस्तर सुहाउँदो ज्योतिषीकहाँ जानु उचित हुनेछ। सेवा दिने/लिने स्वतन्त्रता जो कसैलाई भएकाले कुरा काट्ने, वार्गेनिङ्ग गर्ने कार्य यहाँ स्वीकार्य हुनेछैन।

२५. ज्योतिष परामर्श कार्ड टिकट लिएको व्यक्ति पानी खूब झर्किने, असिना पर्ने, आकाशमा गड्याङ-गुडुङ गर्ने, चट्याङ्ग पर्दाको दिन सेवा लिनु/दिनु दुवै शुभ हुँदैन।

२६. 'ज्योतिष भविष्यवाणी' कार्यालयले मौखिक भविष्यवाणी गर्दैन। लिखित तथा मौखिक दुवैमाध्यमबाट हुनेछ। आवश्यक परेमा क्यासेटमा रिकर्ड गरेर भिडियोमा खिचेर पनि दिन सकिनेछ तर शुल्क थप लाग्नेछ।

२७. क्यासेटमा भविष्यवाणी रिकर्ड गरी लग्न चाहने व्यक्तिलाई प्रति क्यासेट रु.१००।-पर्नेछ।

# पोखरा इञ्जिनियरिङमा खुल्ला गजल

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा इञ्जिनियरिङ कलेज पिईसी साहित्यिक मञ्च पोखराले सोमबार खुल्ला गजल प्रतियोगिताको आयोजना गर्‍यो । प्रतियोगितामा मोहन श्रेष्ठ स्पात प्रथम, राजेन्द्र पाण्डे द्वितीय, तृतीय लक्ष्मण आचार्य र सुरज विश्वकर्माले शान्त्वना स्थान हात पारेका छन् । विजयी प्रतियोगीहरूलाई कलेजका प्राचार्य तथा कार्यक्रमका प्रमुख अतिथि लेखबहादुर गुरुङ र साहित्यकार ईश्वरमणि अधिकारीले पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गुरुङले ईञ्जिनियरिङ र साहित्य क्षेत्र एक अर्काका परिपुरक भएको बताउँदै यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिनुभयो । साहित्यकार अधिकारीले समाज परिवर्तनका लागि साहित्यले महत्वपूर्ण भूमिका खेल्ने भएकाले साहित्यकारहरूले पुरानो शैलीभन्दा पनि समय अनुसार साहित्य सृजना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

मञ्चका अध्यक्ष सुशील आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य सदस्य विश्वदर्शन पराजुलीले व्यक्त गर्नुभएको थियो भने कार्यक्रमको संचालन मञ्चका सचिव महेन्द्र अर्यालले गर्नुभएको थियो । कार्यक्रममा निर्णायक मण्डलका संयोजक गजलकार हेम सुवेदी, सदस्य प्रकाश ज्ञवाली र अर्जुन अधिकारीले आ-आफ्नो भनाई राख्नुभएको थियो ।

# भैरव सांस्कृतिक समितिद्वारा प्रेमध्वज प्रधान पुरस्कृत

ज्योतिष भविष्यवाणी

**पोखरा** : श्री भैरव सांस्कृतिक संरक्षण समिति पोखराले संचालन गर्दै आएको यसवर्षको सर्वज्ञमान विष्णुदेवी सांस्कृतिक पुरस्कार वरिष्ठ गायक तथा संगीतकार प्रेमध्वज प्रधानलाई प्रदान गरिएको छ । शनिबार पोखरामा आयोजित एक कार्यक्रममा वरिष्ठ संगीतकार रत्नशमशेर थापाले ५१ हजार ५१ रुपैयाँ नगद सहित प्रमाणपत्र प्रधानलाई प्रदान गर्नुभएको थियो । पुरस्कार प्रदान गर्दै प्रमुख अतिथि थापाले श्री भैरव सांस्कृतिक परिवारको नाममा पुरस्कार स्थापना गरी राष्ट्रियस्तरका प्रतिभालाई प्रदान गर्नु पोखराका लागि गौरवको विषय भएको बताउनुभयो ।



उहाँले संगीत र संस्कृतिलाई जोगाउन सके राष्ट्रको शिर उच्च रहने बताउनुभयो । गीत र संगीतलाई राष्ट्रले अहिलेसम्म चिन्न नसकेको बताउँदै उहाँले गीत र संगीतले लामो फड्को मारिसक्दा समेत सरकार मौन बस्न नहुनेमा जोड दिनुभयो । थापाले नेपाल सांस्कृतिक बहुआयामिक देश भएपनि संस्कृतिको सही मूल्याङ्कन गर्न नसक्दा नेपालको संस्कृति विश्वस्तरीय बन्न नसकेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा सम्मानित व्यक्तित्व वरिष्ठ गायक प्रेमध्वज प्रधानले कवि, संगीतकार र साहित्यकारका लागि उपयुक्त थलो पोखरा भएको धारणा व्यक्त गर्नुभयो । उहाँले गीत, संगीत तथा संस्कृतिको माध्यमबाट सामाजिक एवम् धार्मिक सद्भाव, सहनशीलता र एकता कायम राख्न मद्दत पुग्ने भएकाले यसलाई जोगाउन सम्पूर्ण क्षेत्रबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो । पुरस्कारका संस्थापक सर्वज्ञमान प्रधानाङ्गले राष्ट्रको सम्पत्ति कला, संस्कृति र रीतिरिवाज भएको बताउँदै यसलाई जोगाउनु आजको आवश्यकता भएको धारणा व्यक्त गर्नुभयो । शनिबारबाट एकसय वर्षमा प्रवेश गर्नुभएका प्रधानाङ्गले श्री भैरव देवताको शक्तिकै कारण आँफु लामो समयसम्म बाँचेको बताउँदै अझै १५ वर्ष बाँच्ने ज्योतिषीले भनेको बताउनुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी यादवराज कोइरालाले पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका सम्पूर्ण नेपाली धार्मिक आस्थामा अडिएकाले नेपालका धर्म र संस्कृतिलाई विश्वव्यापी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भैरव सांस्कृतिकद्वारा समुदायमा सद्भाव कायम राख्न मद्धत मिलेको भन्दै यसका लागि जुनसुकै सहयोग गर्न प्रशासन तयार रहेको बताउनुभयो । वरिष्ठ साहित्यकार सरुभक्तले देशमा धेरै पुरस्कार स्थापना हुने तर सही व्यक्तित्वलाई पुरस्कृत गर्न नसक्दा अपहेलित भएको बताउनुभयो । उहाँले इतिहास बोकेको भैरव संस्कृतिलाई समितिले धर्म र संस्कृतिको जर्गेनामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै यसलाई राष्ट्रियस्तरमा पुऱ्याउनु पर्ने बताउनुभयो । वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले प्रधानलाई गरिएको सम्मानले समग्र पोखरा संस्कृतिको उद्गम बिन्दु भएको अनुभूति मिलेको बताउनुभयो ।

संरक्षण समितिका अध्यक्ष कृष्णदेव प्रधानाङ्को अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षाविद् जर्ज जोन, राष्ट्रिय न्यायिक प्रतिष्ठानका अध्यक्ष राघवलाल वैद्य, समितिका उपाध्यक्ष तीर्थमान प्रधानाङ्ग लगायतले देशको धर्म, संस्कृति र परम्परालाई जोगाउन समग्र नेपाली एकजुट हुनुपर्नेमा जोड दिनुभएको थियो ।

संस्कृतिकर्मी सर्वज्ञमान प्रधानाङ्गद्वारा वि.सं.२०५५ सालमा आँफु र आफ्नी धर्मपत्नी स्व. विष्णुदेवीको नाममा स्थापित सो पुरस्कारबाट यसअघि संगीतकर्मी कृष्णबहादुर श्रेष्ठ, प्रज्ञारत्न बज्राचार्य, संस्कृतिकर्मी चेतन कार्की, गायक फत्तेमान भण्डारी र संस्कृतिविद् सत्यमोहन जोशी पुरस्कृत भइसक्नुभएको छ ।

यसवर्ष सम्मानित व्यक्तित्व प्रेमध्वज प्रधान आधुनिक नेपाली गीत तथा संगीतको प्रतिभाशाली गायक तथा संगीतकार हुनुहुन्छ । रत्नध्वज प्रधान र प्राणदेवी प्रधानका सुपुत्रका रुपमा सन् १९३८ मा सिन्धुपाल्चोकमा जन्मनुभएका प्रधान वि.सं. २००९ सालबाट गीत तथा संगीत क्षेत्रमा प्रवेश गर्नुभएको थियो । वि.सं.२०२३ सालमा माइतीघर चलचित्रका लागि समेत गीत गाउनुभएका प्रधानले करिब ६ सयभन्दा बढी गीतमा स्वर दिइसक्नुभएको छ ।

# पोखरेली सांस्कृतिकले मनायो कविता दिवस

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरेली युवा सांस्कृतिक परिवारले चौथो कविता दिवस गत बिहीबार पोखरामा मनाएको छ । कार्यक्रममा बोल्दै वरिष्ठ साहित्यकार सरुभक्तले कविताको विकास र विस्तारका लागि स्रष्टाहरू गम्भीर भएर लाग्नु पर्ने बताउनुभएको छ ।

उहाँले कविता दिवसले कविताको महत्व बढ्ने विश्वास समेत व्यक्त गर्नुभयो । कविता दिवस कार्यक्रममा पोखराका करिब २५ जना कविहरूले आफूलाई मनपरेको स्वदेशी वा विदेशी कविहरूको कविता संगै आ-आफ्ना कविता वाचन गर्नुभएको थियो । उक्त कार्यक्रममा साहित्यकार सरुभक्त, डा.चैतन्य अधिकारी, दुर्गाबहादुर शाह "बाबा", ईश्वरमणि अधिकारी, सरस्वती "प्रतिक्षा", प्रकाश ज्ञवाली, जनक दुलाल, जीवनसागर भण्डारी, लक्ष्मी थापा, डा.वसन्त गौतम, रीता अधिकारी, शरण आँशु, रोशन कलकोटे, नारायण बाँस्तोला 'श्रमपन्थी', अम्बिकाप्रसाद भट्टराई, देवी त्रिपाठी, एकनाथ आचार्य"संकल्प", एकदत्त लम्साल लगायतले कविता वाचन गर्नुभएको थियो । अध्यक्ष सरस्वती "प्रतिक्षा"को अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव प्रकाश ज्ञवाली, सदस्य शरण आँशुलगायतले आ-आफ्नो भनाइ राख्नुभएको थियो ।

# पण्डित...

गर्ने, के नगर्ने ? भन्ने विषय समेटिनेछ ।' देशभरका ६ सयभन्दा बढी पण्डित सहभागी हुने उक्त सम्मेलनमा पुरेत्याइँ सम्बन्धी ६ वटा कार्यपत्रमाथि छलफल हुने छ । नक्कली पण्डितका बिगबिगी र पण्डितहरू धर्मशास्त्र विपरीत जान थालेपछि देशभर पुरेत्याइँमा एकरुपता ल्याउन र ती पण्डितलाई अनुशासनमा बाँध्न आचारसंहिता ल्याउन लागिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष समेत रहनुभएका प्रा.डा. भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'पण्डितको योग्यता जाँच गरेर तह निर्धारण गर्नका लागि राज्यसंग दह्रो संयन्त्र हुनुपर्छ ।' उहाँका अनुसार कर्मकाण्ड सम्बन्धी पेशा गर्नेले सम्बन्धित विषयमा तोकिए बमोजिमको परीक्षा उत्तीर्ण गर्नुपर्ने प्रावधान आचारसंहितामा उल्लेख छ । सोही योग्यताका आधारमा कर्मकाण्ड गराएबापत पारिश्रमिक निर्धारण गरिनेछ । दुई दिनसम्म चल्ने सम्मेलनमा आशौचसम्बन्धी विधिविधान, धार्मिक अनुष्ठान र संस्कार, कर्मकाण्डमा महिलाको स्थान, ज्योतिष र धर्मको सम्बन्ध लगायत विषयमा कार्यपत्र प्रस्तुत हुने र त्यसमाथि छलफल गरी पारित गरिने अध्यक्ष भट्टराईको भनाइ छ ।

## सूचना ! सूचना !! सूचना !!!

सहारा क्लव पोखराद्वारा शैक्षिकसत्र २०७० देखि नेपालभरिबाट कठिन पस्थिति एवम् विपन्न वर्गका ३० भन्दा बढी बालकहरू छनौट गरी उचित शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गरी संचालन हुन गैरहेको सहारा एकेडेमी दोविल्लाका लागि निम्नानुसारको मापदण्ड पुरा गरेका बालकहरू तथा नीज आश्रित व्यक्ति वा संघसंस्थाबाट आवेदन आव्हान गरिन्छ ।

**आवश्यक मापदण्ड**

१. कठिन परिस्थिति एवम् विपन्न वर्गको हुनुपर्नेछ ।
२. आमा र बुबा दुवैको निधन भएको वा बुबाको निधन भएर आमाले छोडी गएको अवस्था ।
३. बालकको उमेर ८ देखि १० वर्षभित्रको हुनुपर्नेछ ।
४. बालक कक्षा ३ देखि ५ सम्म अध्ययन गरेको हुनुपर्नेछ ।

आवेदन फाराम क्लवको कार्यालय एवम् सहारा क्लवको वेवसाइट : www.saharaclubpokhara.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

**आवेदन आइपुग्नुपर्ने अन्तिम मिति** : वि.सं.२०६९ साल चैत्र २३ गतेसम्म ।

विस्तृत जानकारीका लागि सम्पर्क फोन : ०६१-५५१०५१, ५३२१६१

**वीरभद्र आचार्य**(संयोजक)
बालक छनौट समिति, सहारा क्लव पोखरा
मोवाइल : ९८५६०५५४१०

## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक शनिबार बेलुकी ठीक ३:३० बजेदेखि ४:३० बजेबीच रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराको प्रस्तुति कार्यक्रम 'ज्योतिष भविष्यवाणी' सुन्दै गर्नुहोला । www.radioannapurna.com.np बाट विश्वभरि नै सुन्न सकिनेछ । आफ्ना सुझाव सल्लाहका लागि मोवाइल नं. ९८५६०२०९१४

कार्यक्रम संचालक
वरिष्ठ ज्योतिष भविष्यवक्ता
**डा. बलराम उपाध्याय रेग्मी**
पो.व.नं.२०७, पोखरा, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेबीच सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज पोखराद्वारा संचालित कार्यक्रम 'ज्योतिष जागरण' सुन्दै गर्नुहोला । आफ्ना सुझाव सल्लाहका लागि मोवाइल नं. ९८५६०३०९१४

कार्यक्रम संयोजक
वरिष्ठ ज्योतिष भविष्यवक्ता
**डा.बलराम उपाध्याय रेग्मी**
पो.व.नं.२०७, पोखरा, नेपाल

## वरिष्ठ ज्योतिष भविष्यवक्ता

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

एम.ए.(अंग्रेजी),जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी), बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत) एम.फिल., पी.एच.डी.(ज्योतिष),ज्योतिष महामहोपाध्याय(डी.लिट्)मानार्थ

**कार्यालय** : ज्योतिष भविष्यवाणी
खुर्कोट-४, पर्वत, धवलागिरि, नेपाल

**भेट्ने समय** : बिहान १० बजेदेखि १२ बजेसम्म/
दिनमा १ देखि बेलुकी ५ बजेसम्म/

**ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि**

सम्पर्क फोन नं. ९८५६०२०९१४, ९८५६०३०९१४
९७२६१५३६८४, ०६१-५४०३४७

नोट : होम भिजिट गरी सेवा दिन/लिन सकिने छैन । टिकट काटेरमात्र सेवा लिने/दिने गर्नुहोला । फोनबाट आफ्ना सदस्यलाईमात्र ज्योतिष परामर्श दिइनेछ । सेवाका लागि अग्रिम फोन सम्पर्क अनिवार्य आवश्यक छ ।




**जुन्यो समय** : नेपाल प्रेस युनियन कास्कीले शनिबार पोखरामा आयोजना गरेको नववर्ष २०७० को शुभकामना आदान-प्रदान तथा जलपान कार्यक्रममा सहभागी नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष किरण पोखरेल, वरिष्ठ उपाध्यक्ष गंगाधर पराजुली, कास्की शाखाका अध्यक्ष शिरोमणि बराल लगायत नेपाल प्रेस युनियनका केन्द्रीय तथा क्षेत्रीय प्रतिनिधिहरू । नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद एवम् लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षधर पत्रकारहरूको सम्भनामा आयोजित कार्यक्रम नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालको अध्यक्षतामा सम्पन्न भएको थियो । तस्वीर : ज्योतिष भविष्यवाणी

## विवादकाबीच...

गरेका थिए ।

साधारणसभाबाट महासंघले आगामी कार्य कालदेखि पदाधिकारीलाई बहुपदीय प्रणालीमा लैजाने गरी विधान संशोधनको तयारी गरेको भएपनि पारित हुन सकेन । विधान संशोधन प्रस्ताव समेत मनोमानी ढङ्गले ल्याइएको भन्दै दुईतिहाई भन्दा बढीमतले अस्वीकृत गरिएको थियो ।

यता महासंघ कास्की शाखाका अध्यक्ष बद्री विनोद प्रतिकले ज्योतिष भविष्यवाणीसंग कुरा गर्दै साधारणसभामा एक हजार पाँचसय व्यक्तिको सहभागिता रहने भएकाले २५/२६ लाख खर्च लाग्ने र सोही अनुरुप इष्टिमेट गरिएको बताउनुभएको भएपनि साधारणसभामा एक हजारको हाराहारीमा पत्रकारहरूको सहभागिता रहेको बुझिएको छ । महासंघ कास्की कोषाध्यक्ष डी.आर.पोखरेलका अनुसार साधारणसभाका लागि केन्द्रीय समितिले पाँचलाख रुपैयाँ भन्दा बढी उपलब्ध गराउने आश्वासन दिएकोमा तीन लाख रुपैयाँ निकाशा गरिसकेको बताएका थिए । यसैगरी साधारणसभामा सहभागी हुन आउनेहरूबाट प्रतिव्यक्ति पाँचसय रुपैयाँका दरले रजिष्ट्रेशन शुल्क लिइएको थियो ।

रजिष्ट्रेशन शुल्कबाटमात्रै पाँचलाख रुपैयाँभन्दा बढी संकलन भएको छ । यसैगरी पत्रकार महासंघको साधारणसभाका लागि पोखरा उपमहानगरपालिकाले दुईलाख रुपैयाँ उपलब्ध गराएको छ भने कास्की जिल्ला विकास समिति र लेखनाथ नगरपालिका लगायत विभिन्न संघसंस्था तथा व्यवसायिक प्रतिष्ठानहरूले समेत उल्लेख्य सहयोग गरेको बुझिएको छ ।

साधारणसभाका सहभागीहरूलाई दुई रात र तीन छाक खानाको व्यवस्था गरिएको र कोठाको प्रतिदिन ६ सय रुपैयाँसम्म तिर्ने सहमतिमा करिब चारसय ५० वटा कोठाको व्यवस्था गरिएको महासंघका कास्की शाखा सचिव त्रिभुवन पौडेलले जानकारी दिए । पोखरा सभागृहमा हुने साधारणसभा स्थलमा नै सहभागीहरूलाई खानाको व्यवस्था गरिएको छ । बम्बो क्याटरिङले प्रतिव्यक्ति १ सय ४० रुपैयाँका दरले सादा खाना खुवाएको बुझिएको छ ।

पत्रकार महासंघ कास्की अध्यक्ष प्रतिकले दावी गर्नुभएको आम्दानी र खर्चको विवरण केलाउँदा पाँच देखि सातलाखको हाराहारीमा बचत हुनसक्ने देखिन्छ र त्यस आम्दानीले महासंघको भवन निर्माण कार्य पूरा गर्न सक्ने देखिएको छ ।

## प्रेस युनियन...

नेपाली कांग्रेसले कहिल्यै सम्झौता नगर्ने भएकोले प्रजातन्त्रको रक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् मौलिक हकको संरक्षणका लागि नेपाली कांग्रेसलाई नै जिताउनु पर्ने नेता त्रयको भनाई थियो । सभापति कोइरालाले पत्रकारिता जगतलाई राज्यको चौथो स्थानमा नराखी प्रथम स्थानमा राख्नु पर्नेमा जोड दिँदै प्रजातन्त्र कमजोर हुदाँ राष्ट्र र प्रेस स्वतन्त्रता पनि कमजोर हुने भएकोले प्रजातन्त्रको संरक्षणका लागि नेपाली प्रेस र नेपाली कांग्रेस एकैठाउँमा उभिने स्पष्ट पार्नुभयो । कार्यक्रममा बोल्दै वरिष्ठ नेता शेरबहादुर देउवाले प्रजातन्त्रको सुदृढिकरण र प्रजातान्त्रिक संविधान बनाउन पत्रकारहरूले कांग्रेसलाई सहयोग गर्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेलले वर्तमान सरकार कसैको पक्ष र विपक्षमा नरहेकोले निर्वाचनमा सहभागिता जनाउन सबै दल र शक्तिलाई आग्रह गर्नुभयो ।

नेपाल प्रेस युनियनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष गंगाधर पराजुलीले लोकतान्त्रिक मूल्य र मान्यतालाई कहिल्यै भुल्न नहुने र निर्वाचनको तयारी पूर्व नै कांग्रेस नेताहरूका बीचमा अभूतपूर्व एकता हुनु पर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेस कास्कीका सभापति यज्ञबहादुर थापाले कास्कीमा कांग्रेसको स्थान बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । नेपाल प्रेस युनियन कास्की अध्यक्ष शिरोमणि बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन प्रेस युनियन कास्की सचिव माधव रेग्मीले गर्नुभएको थियो ।

## पत्रकार...

स्वतन्त्रताको पक्षमा अदालत गम्भीर हुनु पर्ने आवाज अग्रज पत्रकारहरूले उठाएकोमा काम् प्रधानन्यायाधीश शर्माले संविधान र ऐन कानूनले प्रत्याभूति गरे अनुसार नै सबैलाई सुविधा दिन आफूहरू लागेको बताउनुभयो । उहाँले कसैलाई केही असुविधा परेको छ भने ऐन कानूनले प्रत्याभूत गरे अनुसार त्यसकै पक्षमा आफूहरू लाग्ने स्पष्ट पार्नुभयो ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बोर्णाहादुर कार्कीले मुलुकको राजनीति संविधानको ट्र्याकभन्दा बाहिर आएको वर्तमान अवस्थामा राजनीतिलाई फर्काएर फेरी ट्र्याकमै लैजानु पर्ने बताउनुभयो । उहाँले पत्रकारितामा स्वतन्त्रताको दुरुपयोग बढेको भन्दै सबै सञ्चारमाध्यम र पत्रकारलाई स्वतन्त्रताको दुरुपयोग नगर्न समेत आग्रह गर्नुभयो । पत्रकारिताका ज्ञाता एवम् भाषाविद् शरच्चन्द्र वस्तीले योग्य पत्रकार बन्नका लागि भाषा प्रमुख कुरा भएको भन्दै भाषाका पत्रकारले लेख्ने विषयवस्तु उत्कृष्ट भएपनि भाषा राम्रो नभए त्यसलाई उत्कृष्ट मान्न नसकिने बताउनुभयो ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहर विरहीले पत्रकारहरूलाई जे जति ज्ञान हुनुपर्ने हो त्यत्ति नभएको कुराको चर्चा गर्दै पत्रकाहरूको सुरक्षा र न्यायिक स्वतन्त्रता संकुचित हुँदै गएको बताउनुभयो ।

उहाँले पञ्चायकालमा दरबारबाट बाहिर ल्याएर पत्रकार महासंघलाई संगठित गरेको कुराको स्मरण गर्दै त्यसपछिका दिनमा प्रेस स्वतन्त्रता र सूचनाको हकका बारेमा देशका पत्रकारहरू आन्दोलित बनेको बताउनुभयो । महासंघका अर्का पूर्व अध्यक्ष सुरेश आचार्यले देशमा चुनाव हुन्छ कि भन्ने झिनो आशा पलाएको बेला मुलुकलाई असफल राष्ट्रबाट जोगाउन पत्रकारिता जगत पनि लाग्नु पर्ने बताउनुभयो । उहाँले राज्यले सूचना लुकाउन नपाउने कुरामा जोड दिँदै राष्ट्रिय सञ्चार नीति र समानुपातिक विज्ञापन नीति एवम् व्यवसायिक पत्रकारिता जस्ता सवालमा महासंघको दृष्टिकोण स्पष्ट पार्नु पर्नेमा जोड दिनुभयो ।

अर्का पूर्व अध्यक्ष धर्मेन्द्र झाले पत्रकारको दिशानिर्देश गर्ने सबैभन्दा ठूलो निकायको रुपमा रहेको साधारणसभाले पत्रकार महासंघलाई सबैको साझा संगठन मान्ने आधार तयार गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले न्यायालयले मुलुक चलाउनु परेको वर्तमान अवस्थामा शक्ति पृथकीकरणको सिद्धान्त दुविधामा परेको बताउँदै प्रेस मैत्री संविधान निर्माण गर्न संविधानसभामा पत्रकारिता क्षेत्रको प्रतिनिधित्व आवश्यक रहेकोमा जोड दिनुभयो । न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष एवम् क्रान्तिकारी पत्रकार संघका संयोजक गोविन्द आर्चायले देशमा लोकतान्त्रिक संविधान समयमै निर्माण गर्ने मुद्दालाई पत्रकारहरूले उठाउनु पर्नेमा जोड दिनुभयो । आचार्यले विभिन्न राजनीतिक पार्टीका नेताहरूलाई साधारणसभाको उद्घाटन समारोहमा आमन्त्रण नगरिएको भन्दै दुःख प्रकट गर्नुभयो ।

नेपाल प्रेस युनियनका अध्यक्ष किरण पोखरेलले प्रेस स्वतन्त्रता र लोकतन्त्र तथा भौतिक सुरक्षाको सवालमा पत्रकार महासंघ अल्मलिन पुगेको बताउँदै पत्रकारहरूको नियुक्तिपत्र, सेवासुविधा लगायतका विभिन्न समस्या भने यथावत् रहेको स्पष्ट पार्नुभयो । प्रेस चौतारी नेपालका अध्यक्ष राजेन्द्र अर्यालले सञ्चारमा वैदेशिक लगानी र साना सञ्चारमाध्यमको संवर्द्धनका साथै लोककल्याणकारी विज्ञापनको पारदर्शिता र वैज्ञानिक वितरण प्रणाली अवलम्बन गरिनु पर्ने बताउनुभयो ।

क्रान्तिकारी पत्रकार संघका संयोजक कुमार शाहले पत्रकार महासंघमा सबै वर्ग र विचारको प्रतिनिधित्व भएपनि श्रमजीवि पत्रकार एवम् अन्य विषयमा महासंघले पहल गर्न नसकेको गुनासो गर्नुभयो । सञ्चारिका समूहकी अध्यक्ष निर्मला शर्माले साधारणसभामा मुलुकको राजनीति र पत्रकारको समस्याका बारेमा छलफल हुनुपर्ने बताउनुभयो । छापामाध्यम राष्ट्रिय सञ्जालका कोषाध्यक्ष गोपाल बुढाथोकीले अहिले पनि थुप्रै पत्रकारहरू कुटपिट र धम्कीको शिकार बनेको र सञ्चारमाध्यमको हितमा समानुपातिक विज्ञापन प्रणाली लागू गर्ने भनिए पनि लागू नभएको गुनासो गर्नुभयो ।

समारोहमा पत्रकार महासंघका अध्यक्ष शिव गाउँलेले मुलुकको कार्यकारी र प्रमुख दलका नेताहरूबाट पत्रकारको पेशागत र भौतिक सुरक्षाका बारेमा पटक-पटक वचनबाट आश्वस्त पारिए पनि व्यवहारमा त्यस्तो हुन नसकेको बताउनुभयो । उहाँले पत्रकारमाथि आक्रमण ज्यादति र दमन बढ्दै जानुमा विभिन्न दलका नेता र कार्यकर्ता दोषी रहेको बताउँदै पत्रकारको संरक्षण र सुरक्षाको अनुभूति दिलाईदिन प्रधानन्यायाधीश शर्मा समक्ष आग्रह गर्नुभयो ।

महासंघ कास्कीका अध्यक्ष बद्रीविनोद प्रतीक र महासंघका महासचिव ओम शर्मा लगायतले पत्रकारको जीउधन सुरक्षाका लागि राज्य चनाखो बन्नुपर्नेमा जोड दिनुभएको थियो ।


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।



सम्पर्क ठेगाना

## ज्योतिष भविष्यवाणी

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धवलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार

कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np/haripanta@gmail.com

Website: www .jbweekly.com, www .Facebook.com/jbweekly

प.क्षे.हु.नि.द.नं.१/२०६९, कास्की, झापा, इलाम, सुनसरी, मोरङ, काठमाडौं, तनहुँ, पर्वत, बाग्लुङ, चितवन, स्याङ्जा, कैलाली, नवलपरासी, रुपन्देहीका हुलाकबाट समेत पत्रिका वितरण हुनेछ ।


# दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६९/१२/१५ Mar.28, 2013 | बिहान ६:०१ बजेदेखि ७:३१ बजेसम्म शुभ/बिहान ७:३१ बजेदेखि ९:०१ बजेसम्म रोग/बिहान ९:०१ बजेदेखि १०:३१ बजेसम्म उद्वेग/बिहान १०:३१ देखि १२:०१ बजेसम्म चर/दिनमा १२:०१ देखि १:३१ बजेसम्म लाभ/दिनमा १:३१ बजेदेखि ३:०१ बजेसम्म अमृत/दिनमा ३:०१ देखि ४:३१ बजेसम्म काल/बेलुकी ४:३१ देखि ६:०१ बजेसम्म शुभ । |
| शुक्रबार २०६९/१२/१६ Mar.29, 2013 | बिहान ६:०० बजेदेखि ७:३० बजेसम्म चर/बिहान ७:३० बजेदेखि ९:०० बजेसम्म लाभ/बिहान ९:०० बजेदेखि १०:३० बजेसम्म अमृत/बिहान १०:३० देखि १२:०० बजेसम्म काल/दिनमा १२:०० देखि १:३० बजेसम्म शुभ/दिनमा १:३० बजेदेखि ३:०० बजेसम्म रोग/दिनमा ३:०० देखि ४:३० बजेसम्म उद्वेग/बेलुकी ४:३० देखि ६:०० बजेसम्म चर । |
| शनिबार २०६९/१२/१७ Mar.30, 2013 | बिहान ५:५९ बजेदेखि ७:२९ बजेसम्म काल/बिहान ७:२९ बजेदेखि ८:५९ बजेसम्म शुभ/बिहान ८:५९ बजेदेखि १०:२९ बजेसम्म रोग/बिहान १०:२९ देखि ११:५९ बजेसम्म उद्वेग/दिनमा ११:५९ देखि १:२९ बजेसम्म चर/दिनमा १:२९ बजेदेखि २:५९ बजेसम्म लाभ/दिनमा २:५९ देखि ४:२९ बजेसम्म अमृत/बेलुकी ४:२९ देखि ५:५९ बजेसम्म काल । |
| आइतबार २०६९/१२/१८ Mar.31, 2013 | बिहान ५:५८ बजेदेखि ७:२८ बजेसम्म उद्वेग/बिहान ७:२८ बजेदेखि ८:५८ बजेसम्म चर/बिहान ८:५८ बजेदेखि १०:२८ बजेसम्म लाभ/बिहान १०:२८ देखि ११:५८ बजेसम्म अमृत/दिनमा ११:५८ देखि १:२८ बजेसम्म काल/दिनमा १:२८ बजेदेखि २:५८ बजेसम्म शुभ/दिनमा २:५८ देखि ४:२८ बजेसम्म रोग/बेलुकी ४:२८ देखि ५:५८ बजेसम्म उद्वेग । |
| सोमबार २०६९/१२/१९ Apr.1, 2013 | बिहान ५:५७ बजेदेखि ७:२७ बजेसम्म अमृत/बिहान ७:२७ बजेदेखि ९:५७ बजेसम्म काल/बिहान ९:५७ बजेदेखि १०:२७ बजेसम्म शुभ/बिहान १०:२७ देखि ११:५७ बजेसम्म रोग/दिनमा ११:५७ देखि १:२७ बजेसम्म उद्वेग/दिनमा १:२७ बजेदेखि २:५७ बजेसम्म चर/दिनमा २:५७ देखि ४:२७ बजेसम्म लाभ/बेलुकी ४:२७ देखि ५:५७ बजेसम्म अमृत । |
| मंगलबार २०६९/१२/२० Apr.2, 2013 | बिहान ५:५६ बजेदेखि ७:२६ बजेसम्म रोग/बिहान ७:२६ बजेदेखि ८:५६ बजेसम्म उद्वेग/बिहान ८:५६ बजेदेखि १०:२६ बजेसम्म चर/बिहान १०:२६ देखि ११:५६ बजेसम्म लाभ/दिनमा ११:५६ देखि १:२६ बजेसम्म अमृत/दिनमा १:२६ बजेदेखि २:५६ बजेसम्म काल/दिनमा २:५६ देखि ४:२६ बजेसम्म शुभ/बेलुकी ४:२६ देखि ५:५६ बजेसम्म रोग । |
| बुधबार २०६९/१२/२१ Apr.3, 2013 | बिहान ५:५४ बजेदेखि ७:२४ बजेसम्म लाभ/बिहान ७:२४ बजेदेखि ८:५४ बजेसम्म अमृत/बिहान ८:५४ बजेदेखि १०:२४ बजेसम्म काल/बिहान १०:२४ देखि ११:५४ बजेसम्म शुभ/दिनमा ११:५४ देखि १:२४ बजेसम्म रोग/दिनमा १:२४ बजेदेखि २:५४ बजेसम्म उद्वेग/दिनमा ३:५४ देखि ४:२४ बजेसम्म चर/बेलुकी ४:२४ देखि ५:५४ बजेसम्म लाभ । |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार २०६९/१२/१५ Mar.28, 2013 | बेलुकी ६:०१ बजेदेखि ७:३१ बजेसम्म अमृत/साँझ ७:३१ बजेदेखि ९:०१ बजेसम्म चर/राति ९:०१ बजेदेखि १०:३१ बजेसम्म रोग/राति १०:३१ देखि १२:०१ बजेसम्म काल/राति १२:०१ देखि १:३१ बजेसम्म लाभ/राति १:३१ बजेदेखि ३:०१ बजेसम्म उद्वेग/राति ३:०१ देखि ४:३१ बजेसम्म शुभ/बिहानमा ४:३१ देखि ६:०१ बजेसम्म अमृत । |
| शुक्रबार २०६९/१२/१६ Mar.29, 2013 | बेलुकी ६:०० बजेदेखि ७:३० बजेसम्म रोग/साँझ ७:३० बजेदेखि ९:०० बजेसम्म काल/राति ९:०० बजेदेखि १०:३० बजेसम्म लाभ/राति १०:३० देखि १२:०० बजेसम्म उद्वेग/राति १२:०० देखि १:३० बजेसम्म शुभ/राति १:३० बजेदेखि ३:०० बजेसम्म अमृत/राति ३:०० देखि ४:३० बजेसम्म चर/बिहानमा ४:३० देखि ६:०० बजेसम्म रोग । |
| शनिबार २०६९/१२/१७ Mar.30, 2013 | बेलुकी ५:५९ बजेदेखि ७:२९ बजेसम्म लाभ/साँझ ७:२९ बजेदेखि ८:५९ बजेसम्म उद्वेग/राति ८:५९ बजेदेखि १०:२९ बजेसम्म शुभ/राति १०:२९ देखि ११:५९ बजेसम्म अमृत/राति ११:५९ देखि १:२९ बजेसम्म चर/राति १:२९ बजेदेखि २:५९ बजेसम्म रोग/राति २:५९ देखि ४:२९ बजेसम्म काल/बिहानमा ४:२९ देखि ५:५९ बजेसम्म लाभ । |
| आइतबार २०६९/१२/१८ Mar.31, 2013 | बेलुकी ५:५८ बजेदेखि ७:२८ बजेसम्म शुभ/साँझ ७:२८ बजेदेखि ८:५८ बजेसम्म अमृत/राति ८:५८ बजेदेखि १०:२८ बजेसम्म चर/राति १०:२८ देखि ११:५८ बजेसम्म रोग/राति ११:५८ देखि १:२८ बजेसम्म काल/राति १:२८ बजेदेखि २:५८ बजेसम्म लाभ/राति २:५८ देखि ४:२८ बजेसम्म उद्वेग/बिहानमा ४:२८ देखि ५:५८ बजेसम्म शुभ । |
| सोमबार २०६९/१२/१९ Apr.1, 2013 | बेलुकी ५:५७ बजेदेखि ७:२७ बजेसम्म चर/साँझ ७:२७ बजेदेखि ८:५७ बजेसम्म रोग/राति ८:५७ बजेदेखि १०:२७ बजेसम्म काल/राति १०:२७ देखि ११:५७ बजेसम्म लाभ/राति ११:५७ देखि १:२७ बजेसम्म उद्वेग/राति १:२७ बजेदेखि २:५७ बजेसम्म शुभ/राति २:५७ देखि ४:२७ बजेसम्म अमृत/बिहानमा ४:२७ देखि ५:५७ बजेसम्म चर । |
| मंगलबार २०६९/१२/२० Apr.2, 2013 | बेलुकी ६:५६ बजेदेखि ७:२६ बजेसम्म काल/साँझ ७:२६ बजेदेखि ८:५६ बजेसम्म लाभ/राति ८:५६ बजेदेखि १०:२६ बजेसम्म उद्वेग/राति १०:२६ देखि १२:५६ बजेसम्म शुभ/राति १२:५६ देखि १:२६ बजेसम्म अमृत/राति १:२६ बजेदेखि ३:५६ बजेसम्म चर/राति ३:५६ देखि ४:२६ बजेसम्म रोग/बिहानमा ४:२६ देखि ६:२६ बजेसम्म काल । |
| बुधबार २०६९/१२/२१ Apr.3, 2013 | बेलुकी ५:५४ बजेदेखि ७:२४ बजेसम्म उद्वेग/साँझ ७:२४ बजेदेखि ८:५४ बजेसम्म शुभ/राति ८:५४ बजेदेखि १०:२४ बजेसम्म अमृत/राति १०:२४ देखि ११:५४ बजेसम्म चर/राति ११:५४ देखि १:२४ बजेसम्म रोग/राति १:२४ बजेदेखि २:५४ बजेसम्म काल/राति २:५४ देखि ४:२४ बजेसम्म लाभ/बिहानमा ४:२४ देखि ५:५४ बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

(चैत्र १५ गते बिहीबारदेखि २१ गते बुधबारसम्म)
(From Mar.28, to Apr.3, 2013)

*ज्यो.सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषःतपाईंका लागि यो हप्ता प्रारम्भमा स्वास्थ्य ठीकठाक, प्रशन्नता, आय आर्जनका स्रोतहरू फेला पर्ने, सबै प्रकारको काममा सफलता, हप्ताको मध्यमा मानसिक असन्तोष, आँखामा कष्ट, धनहानी हुन सक्नेछ भने पछिल्ला दिनमा स्वास्थ्य राम्रो, आदर–सत्कार पाइने, घरमा पारिवारिक सहयोग राम्रो पाइने, भोज भतेरमा सहभागी हुन पाइनेछ । धार्मिक भ्रमण सफल रहने देखिएको छ ।

२. वृषःतपाईंलाई यो हप्ता कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहने, कार्यमा बिघ्नबाधा आइलाग्ने, अकस्मात रोग लाग्ने, मन परेको खानामा अवरोध, कुनै चिन्ता पर्ने समाचार सुन्नुपर्ने, हप्ताको अन्त्यतिर स्वास्थ्यमा सुधार, प्रशन्नता, धन प्राप्तिका मार्गहरू फेला पर्ने, सबै प्रकारको काममा सफलता मिल्नेछ भने  मानसिक असन्तोष, आँखामा कष्ट पनि हुन सक्नेछ ।

३. मिथुनःतपाईंलाई यो हप्ता पेटको खराबी बढ्नेछ । परिवारमा मतभेद, वादविवाद पर्ने, कार्यमा विलम्बता, लेनदेन जग्गा जमीन सम्बन्धी कार्यमा विवाद, पशु चौपाय तथा कृषि सम्बन्धी कार्यबाट हानी, आत्मीयजनबाट विश्वासघात इत्यादि हुन सक्नेछन् । मानसिक अशान्ति तथा तुच्छ कुरामा पनि गम्भीर हुँदा ठूलो उपलब्धि पाउनुबाट छुट्नु पर्ने छ ।

४. कर्कःतपाईंका लागि यो हप्ता शुरुमा एक्कासी आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, मित्रजनसँग भेट, जताबाट पनि हर्ष र खुशीका खबरमात्रै पाइने, स्वास्थ्य राम्रो रहनेछ । हप्ताको मध्यतिर आँटेका कामहरूमा असफलता, सोचेजतिका सबै कामहरूमा विघ्नबाधा पर्नेछ भने साताको अन्त्यतिरको समय खराब रहनेछ, सतर्क हुनुहोला । बुधबारको समय शुभ रहनेछ महत्वपूर्ण काम गर्नुहोला ।

५. सिंहःतपाईंलाई यो हप्ताको शुरुमा मानसिक असन्तोष, आँखामा कष्ट, धनहानी, हप्ताको मध्यमा स्वास्थ्यमा सुधार, आदर–सत्कार पाइने, पारिवारिक सहयोग राम्रो पाइने, नयाँ प्रकारको भोजन प्राप्ति हुनेछ भने हप्ताको अन्त्यतिर भने मानसिक चिन्ता, मानहानी, आफन्तसँग विरोध पर्ने, जताबाट पनि खर्चमात्रै ज्यादा हुनेछ । सोमबार पूर्व दिशाको यात्रा पनि ठीक हुनेछैन ।

६. कन्याःतपाईंका लागि यो हप्ता धन प्राप्तिका अवसरहरू मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । लाभका स्रोतहरू फेला पर्ने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, घरमा नयाँ कार्यक्रम हुने, शत्रूसँगको विवादमा आफ्नो जीत हुनेछ भने हप्ताको अन्त्यमा समय खराब रहनेछ ।

७. तुलाःतपाईंलाई यो हप्ता साताको शुरु र आइतबार सोमबार जोखिम पाराले दिन बित्नेछन् । आफन्त कुलकुटुम्बका व्यक्तिजन एवं मित्रजनबाट वैरभाव उत्पन्न हुनेछ । धन हानी, पूर्ण हुन लागेको कार्य बिग्रन सक्छ । तर शुक्रबार, शनिबार भने शुभग्रहको प्रत्यक्ष प्रभाव पर्नेछ । धन कमाउने अवसर मिल्ने, परिवारजनमा खुसी, धार्मिक एवं सामाजिक कार्यमा सफलता मिल्ने देखिन्छ ।

८. वृश्चिकःयो हप्ता तपाईंलाई स्वास्थ्य राम्रो रहनेछ । नयाँ काममा जोश, स्फूर्ति बढेर जानुका साथै शुरु गरेका काममा राम्रो सफलता मिल्नेछ । यो हप्तामा यात्रामा सफलता मिल्ने देखिन्छ भने केही काममा कसैको कारणले अधुरो र विफलता पनि आइपर्न सक्ने छ । कुनै शोकमा पर्न समेत सकिनेछ । काम गर्दा केही न केही बिर्सने बानीले घाटा पार्न सक्छ ।

९. धनुः तपाइको यो हप्ता जुनसुकै काममा बाधा, मनमा अशान्ति, यात्रामा विघ्नबाधा, वायूरोग, खानामा गडबडी, कुनै शोक पर्ने समाचार सुन्नुपर्ने, आफन्त व्यक्तिसँग झगडा हुने, मन चञ्चल रहने, पेट वा कम्मर दुख्ने, शूल, मन परेको खानामा कुनै अवरोध भएता पनि हप्ताको अन्त्यतिर समय सुधार हुँदै जानेछ, समयको सही उपयोग गर्नुहोला । आइतबार पश्चिमतिर नजानुहोला ।

१०. मकरःयो हप्ता तपाईंलाई एक्कासी रोग लाग्ने, खाना नपच्ने, कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सान मात्रै पर्नेछ । हप्ताको मध्य अथवा आइतबार, सोमबारतिर धन आउने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग राम्रै पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनुका साथै साताको अन्त्यतिर पनि समय शुभ नै हुने देखिन्छ । धार्मिक यात्रामा लाभ मिल्ने देखिएको छ ।

११. कुम्भःतपाईंका लागि यो हप्ता काम गर्ने रुचि र जाँगर त्यतिआउने छैन । आफ्नो दीर्घकालीन भावी योजना टाढिन सक्नेछ । मानसिक अशान्ति बढ्नेछ । आँखा, कान र परिवारमा रोग व्याधिको भय हुनेछ । अनावश्यक भ्रमण, आर्थिक कष्ट कामकार्यमा अरुचि, नविन कार्यमा पनि अवरोध आउन सक्नेछ । बुधबार उत्तर दिशाको यात्रा दुःखदायी हुन सक्नेछ,  सतर्क रहनुहोला ।

१२. मीनःतपाईंलाई यो हप्ता धन प्राप्तिका अवसरहरू मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । लाभका स्रोतहरू फेला पर्ने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, घरमा नयाँ कार्यक्रम हुने, शत्रूसँगको विवादमा आफ्नो जीत हुनेछ भने हप्ताको अन्त्यमा समय अत्यन्तै खराब भएर जानेछ ।

## साप्ताहिक साहित

चैत्र १५, २०६९ बिहीबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र १६, २०६९ शुक्रबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र १७, २०६९ शनिबार – पश्चिम र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र १८, २०६९ आइतबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र १९, २०६९ सोमबार – पश्चिम र उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र २०, २०६९ मंगलबार – उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
चैत्र २१, २०६९ बुधबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसिएशन,काठमाडौं/आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल ।
E-mail: haripanta@gmail.com, website: www.jbweekly.com, मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com